gkfn /fi^ a+s

प्रेस समाचार

# गभर्नर - भारतीय राजदूत भेट

गभर्नर डा. युवराज खतिवडा र नेपालका लागि भारतीय महामहिम राजदूत जयन्त प्रसादबीच नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय बालुवाटारमा वैशाख ३१ गते भेटघाट तथा छलफल सम्पन्न भयो ।



भेटमा उहाँहरुबीच आर्थिक क्षेत्रका साझा मुद्दा, भा.रु. नोट आपूर्ति र भारतबाट नेपालमा हुने विप्रेषण आप्रवाहमा सरलीकरण लगायतका विषयमा छलफल भएको थियो । भेटमा राजदूत जयन्त प्रसादले नेपालमा भारतीय रुपैया ५०० र १००० दरका नोटको कारोवारमा रहेको प्रतिबन्धका कारण देखिएका समस्याहरु, नगद भा.रु.को आपूर्तिको व्यवस्था र समस्या, नक्कली नोट कारोवार नियन्त्रणका उपाय एवं भारत र नेपालबीच आदानप्रदान हुने विप्रेषण कारोबारमा देखिएका समस्या तथा त्यसको न्यूनीकरणका लागि चाल्नु पर्ने कदमहरुका विषयमा चासो व्यक्त गर्नु भएको थियो ।

सो अवसरमा गभर्नर खतिवडाले तात्कालिक समस्यालाई सम्बोधन गर्न (क) नेपाल-भारत सीमा क्षेत्रमा आवतजावत गर्ने दुवै मुलुकका नागरिकहरुले भारतीय रुपैया ५०० र १००० दरका नोटको एक हदसम्मको रकम लिई आवत जावत गरेको अवस्थालाई दण्डनीय नबनाउने, (ख) सीमावर्ती क्षेत्रमा सटहीका लागि बैकिङ्ग सेवा पुऱ्याउन दुवै मुलुकहरूले प्रयत्न गर्ने र (ग) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आउने व्यक्तिहरूले समेत एक निश्चित् रकमसम्म यो सुविधा उपभोग गर्न पाउने व्यवस्था गर्न सकेको खण्डमा अहिले देखिएका अधिकांश समस्याहरु समाधान हुन सक्ने धारणा राख्नु भएको थियो । अहिले ती दरका नोट कारोबारमा प्रतिबन्ध रहेको बारे यस बैंकका तर्फबाट पत्र पत्रिका, होर्डिङ्ग बोर्ड तथा रेडियोमार्फत पर्याप्त मात्रामा सर्वसाधारणलाई सूचित गरिएको उहाँले जानकारी दिनुभयो ।

गभर्नर खतिवडाले भारतीय अर्थतन्त्रले पछिल्लो दशकमा हासिल गरेको आर्थिक वृद्धिको परिणामस्वरुप भारतीय मुद्रा क्षेत्रीय मुद्राको रुपमा स्थापित हुने अवस्थातर्फ अग्रसर रहेको वर्तमान अवस्थामा छिमेकी मुलुकहरुमा ठूला दरका नोटहरुमाथिको प्रतिबन्ध लामो समयसम्म कायम राखिराख्नु उपयुक्त नहुने र ठूलो अर्थतन्त्र हुनुका कारण जिम्मेवारी पनि थपिने कुरा बताउनु भएको थियो ।

भारतमा औपचारिक तथा अनौपचारिक तहमा कार्यरत नेपालीले कमाएको रकम सुरक्षित तवरले नेपाल पठाउने क्रममा परिचयपत्रको अभावका कारण देखिएका समस्याका बारेमा पनि गभर्नर खतिवडाले उहाँको ध्यानाकर्षण गराउनु भएको थियो ।

नेपालीहरुले सामान्य परिचयपत्रका आधारमा पनि भारतीय बैंकहरुमा खाता खोल्न पाउने व्यवस्थाका लागि भइरहेको प्रयास तथा एशियन क्लियरिंग युनियन एवं सार्कफाइनान्सजस्ता संजालहरुमा भारतीय रिजर्व बैंकका गभर्नरसंगको भेटमा यस सम्बन्धमा गम्भीर छलफल हुने गरेको जानकारी पनि गभर्नर खतिवडाले दिनुभएको थियो । यसैगरी, नेपाल र भारतबीचको व्यापार, विद्यमान भुक्तानी प्रणाली, नगद भारु नोटको माग तथा आपूर्ति स्थिति, सोको व्यवस्थापनका लागि भारतीय रिजर्व बैंकको सहकार्यका बारेमा पनि उक्त अवसरमा छलफल भएको थियो ।



भारतीय राजदूतले ठूला दरका भारतीय मुद्रामा लगाइएको प्रतिबन्धले सिर्जना गरेका समस्याहरु तथा अनौपचारिक क्षेत्रमा कार्यरत नेपालीहरुले सहज रुपले बैंकिंग पद्धतिबाट विप्रेषण गर्न पाउनु पर्ने विषयमा आफ्नो ध्यान आकृष्ट भएको र भारत सरकारको सम्बन्धित निकायमा आवश्यक पहल गर्ने विश्वास व्यक्त गर्नु भएको थियो । एटिएममार्फत नगद मुद्राको आपूर्ति सहज बनाउन सम्बन्धित बैंकहरूसँग पहल गर्ने कुरा पनि उहाँले व्यक्त गर्नु भयो ।

अन्तमा, गभर्नर खतिवडाले नेपालले विदेशी मुद्रा संचितिको व्यवस्थापनका क्रममा भारतीय रिजर्ब बैंकमार्फत भारतीय ऋणपत्रहरुमा लगानी गर्न र भारतीय नगद नोटको आपूर्तिमा प्राप्त सहयोगको लागि बैंकको तर्फबाट भारतीय रिजर्ब बैंक र भारत सरकारलाई राजदूतमार्फत् धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

भेट तथा छलफलका अवसरमा डेपुटी गभर्नरद्वय गोपालप्रसाद काफ्ले, महाप्रसाद अधिकारी तथा कार्यकारी निर्देशक लिलाप्रकाश सिटौलाको पनि उपस्थिति रहेको थियो ।

**२०७० वैशाख ३१ गते, मङ्गलबार**

**गभर्नरको कार्यालय**